179. जलवायु परिवर्तनमा पारिस्थिकीय प्रणाली, स्थानीय जनता र जीविकोपार्जनमा पर्न सक्ने प्रभावलाई कम गर्न न्यूनीकरण तथा अनुकूलनका कार्यक्रम सञ्चालन गरिनेछ।

**जलाधार संरक्षण**

180. स्वच्छ खानेपानीको मुहानहरु पहिचान तथा खोजी गरी पानीका मुहानहरुको संरक्षण गरिनेछ।
181. एक टोल एक पोखरीको अवधारणालाई क्रमिक रुपमा लागु गरिदै लगिनेछ।

**फोहोरमैला व्यवस्थापन**

182. फोहोरमैलाको व्यवस्थापन गर्न स्थानान्तरण केन्द्र (Transfer Station), ल्याण्डफिल साइट, प्रशोधन प्लाण्ट, कम्पोष्ट प्लाण्ट, बायोम्याँस प्लाण्ट लगायत फोहोरमैलाको संकलन, अन्तिम विसर्जन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्न आवश्यक नीति अवलम्बन गरिनेछ।
183. फोहोरमैलाको उत्पादनमा कमी ल्याउने, फोहोरमैलाको पृथकीकरण गर्ने, फोहोरमैला निष्काशन, फोहोरमैला संकलन, फोहोरमैला ढुवानी, फोहोरमैलाको न्यूनीकरण, पुनः प्रयोग, पुनः चक्रण गर्न आवश्यक कार्यक्रम तय गरिनेछ।
184. फोहोरमैला स्थानान्तरण केन्द्र तथा फोहोरमैला व्यवस्थापन स्थल तोकी आवश्यक कार्यविधि अवलम्बन गरिनेछ।
185. नगरपालिका देखि स्वास्थ्य संस्था सम्म प्रत्येक महिनाको १५ गते बुढिगंगा सफाई अभियान सञ्चालन गरिनेछ। यस अभियानलाई क्रमिक रुपमा वडास्तरमा समेत कार्यान्वयन गर्दै लगिनेछ।

**विपद् व्यवस्थापन**

186. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना जोखिम न्यूनिकरण सम्बन्धी कार्ययोजना बनाई कार्यान्वयनमा ल्याइनेछ।
187. विपद् व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय समुदाय, संघ संस्था, नीजी क्षेत्रसँगको सहयोग, समन्वय र सहकार्य गरिनेछ।
188. विपद् कोषका स्थापना तथा सञ्चालन र स्रोतको साधनको परिचालन गरिनेछ।
189. विपद् न्यूनीकरण सम्बन्धी पूर्व सूचना प्रणाली सम्बन्धी कार्यक्रमको तर्जुमा र कार्यान्वयन गरिनेछ।
190. विपद् पूर्व तयारी खोज तथा उद्धार राहत सामाग्रीको पूर्व भण्डारण वितरण र समन्वय गरिनेछ।
191. विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा वस्तीहरुको परिचालन र स्थानान्तरण गरिनेछ।

**वित्तीय व्यवस्थापन सुशासन**

192. सार्वजनिक पद धारण गरेका व्यक्तिहरुले अधिकतम मितव्ययिताका साथ कार्यसम्पादन गरिनेछ।
193. सार्वजनिक पद धारण गरेका व्यक्तिले मर्यादित, मितव्ययी एवम् उदाहरणीय रुपमा प्रस्तुत भई अनुकरणीय कार्यशैलीमा प्रस्तुत हुनुपर्नेछ।
194. पानी, बिजुली, सञ्चार महसुल, घरभाडा, इन्धन, मर्मत, स्टेशनरी खर्च, भत्ता, तालिम, गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च जस्ता प्रशासनिक खर्चमा अत्यन्त मितव्ययिता अपनाइनेछ।
195. सरकारी सवारी साधन सरकारी काममा अधिकृत व्यक्ति (authorized personnel) बाट मात्र प्रयोग गरिनेछ।

**लेखांकन**

196. महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुरुप आम्दानी तथा खर्चको लेखाङ्कन कायम गरिनेछ।
197. नगरपालिकामा हुने सबै प्रकारका आर्थिक कारोबारलाई बैंकिङ प्रणालीमा आवद्ध गरी शून्य नगद कारोबारलाई लागु गरिनेछ।
198. प्रदेश तथा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली [Sub-National Treasury Regulatory Application (SuTRA)] मा नगरपालिकाको वित्तीय गतिविधिहरुलाई अनिवार्य लेखांकन गरिनेछ।

**राजस्व परिचालन**

199. सार्वजनिक निर्माण खर्च शीर्षकबाट आयोजनाको कन्टिजेन्सी भनी छुट्याइएको रकमबाट ज्यालादारीमा कर्मचारी भर्ना गर्ने वा सवारी साधन खरिद नगर्ने नीति लिइनेछ।
200. एकीकृत सम्पत्ति करलाई स्वावलम्ब र आत्मनिर्भर बुढिगंगा नगरपालिकाको आधारको रुपमा विकास गरिनेछ।

**वित्तीय अनुशासन**

201. संघीय वित्त संरचनालाई सुदृढ र सबल बनाउने राष्ट्रिय नीतिलाई टेवा पुऱ्याउन समृद्ध अर्थतन्त्र निर्माणका लागि स्थानीय राजस्व नीति अवलम्वन गरिनेछ।
202. करको दर बढाउनु भन्दा करको दायरा विस्तारलाई प्राथमिकता दिई कराधारलाई थप फराकिलो बनाउँदै लगिनेछ।
203. आयआर्जन र व्यवसाय गर्ने चिकित्सक, इन्जिनियर, वकिल, सल्लाहकार, कलाकार, खेलाडी, विभिन्न शिक्षण संस्थामा प्राध्यापन गर्ने व्यक्तिहरु लगायत सबैलाई स्थायी लेखा नम्बर प्रदान गर्ने कार्यलाई निरन्तरता दिई करदातालाई करको दायरामा ल्याइनेछ।
204. करदाता तथा आम नागरिकका लागि सूचनामूलक एवम् सचेतना अभिवृद्धि सम्बन्धी करदाता शिक्षा कार्यक्रमलाई निरन्तर रुपमा सञ्चालन गरिनेछ। यस्तो शिक्षा, सूचना र सचेतना सम्बन्धी कार्यहरु आवश्यकता अनुसार नीजी, गैरसरकारी, उपभोक्ता हितकारी एवं पेशागत संघसंस्थाहरु समेतको सहभागिता र समन्वयमा सञ्चालन गरिनेछ।